# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं. ११७६।०७९।८०
Ref. No.

मिति: २०७९/१२/२६

सूचना!!

**कम्पनी ऐनमा भएको जरीवानाको सम्बन्धमा लेखापरीक्षकले अपनाउनुपर्ने सजगता सम्बन्धी सूचना ।**

कम्पनी रजिष्ट्रारको कार्यालयद्वारा यस संस्थालाई प्रेषित मिति २०७९/१२/१५ च.नं. १९१० को पत्रमा कम्पनी ऐनको दफा ८१ (२) मा कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयलाई तोकिएको समयमा विवरण, सूचना, जानकारी वा जवाफ उपलब्ध नगराएको अवस्थामा आकर्षित भएको जरिवाना कम्पनीको सञ्चालक वा पदाधिकारीले भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको भएतापनि सो दायित्व कम्पनीको तर्फबाट व्यहोरिएको हुनसक्ने देखिएको व्यहोरा उल्लेख गरेको हुँदा लेखापरीक्षणको क्रममा कम्पनीबाट हुन सक्ने यस्ता कार्यहरुप्रति सजग भई प्रचलित कानूनमा रहेको व्यवस्थाको परिपालना भए नभएको सम्बन्धमा नेपाल लेखापरीक्षणमान बमोजिम यथोचित सम्बोधन गर्नुहुन यस संस्थाका सदस्यहरुलाई सूचित गरिन्छ ।

संलग्न:

१. कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र

सिए. संजय कुमार सिन्हा
कार्यकारी निर्देशक


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np

नेपाल सरकार
उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
(. . . . . . . . . . . . . . . . . .शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- २०७९/८० मितिः२०७९/१२/१५

चलानी नम्बर :- ९६९०

विषयः कम्पनी ऐन वमोजिम जरिवाना गणना गर्ने सम्बन्धमा लेखापरीक्षण गर्ने अनुमति प्राप्त सदस्यहरुलाई जानकारी गराइदिने सम्बन्धमा ।

श्री नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था,
सातदोवाटो, ललितपुर ।

उपरोक्त विषयमा, कम्पनी ऐन, २०६३ ले सो ऐन वमोजिम स्थापित हुने कम्पनीहरुलाई कानुनी व्यक्ति (Legal Person) को मान्यता दिएको र कम्पनीलाई आफ्नो उद्देश्य प्राप्तिको लागि प्रचलित कानुनको रीत पुर्‍याई पेशा, व्यवसाय वा उद्यम गर्ने स्वतन्त्रता दिएको कुरा विदीतै छ । कम्पनिको उद्देश्य प्राप्तिका लागि कम्पनीको तर्फबाट संचालन गरिने कृयाकलापको कारणले सिर्जना हुने दायित्वको विषयमा प्रचलित कानुनमा कम्पनी उत्तरदायी हुने व्यवस्था रहेको भएतापनि कम्पनी स्वयंको संचालन तथा व्यवस्थापनको विषयमा कम्पनीका संचालक तथा पदाधिकारी नै उत्तरदायी रहने व्यवस्था उक्त ऐनले गरेको छ ।

कम्पनी ऐनको दफा ८१(२) को व्यवस्था वमोजिम कम्पनीले कार्यालयलाई तोकिएको समयमा विवरण, सूचना, जानकारी वा जवाफ उपलब्ध नगराएको अवस्थामा जरिवाना आकर्षित हुने र उक्त जरिवाना भुक्तानी गर्ने दायित्व कम्पनीका संचालक वा त्यसका पदाधिकारीमा रहने व्यवस्था गरेको छ । कार्य संचालनका क्रममा भने यस्तो जरिवाना कम्पनीको संचालक वा पदाधिकारीले वहन नगरी कम्पनीको तर्फबाट व्यहोरिएको हुनसक्ने देखिएको छ । ऐनको उपरोक्त व्यवस्था विपरित कम्पनीले जरिवाना रकम व्यहोरेको हुन सक्ने भएको हुँदा लेखापरीक्षकहरु समेत यस विषय प्रति चनाखो हुन आवश्यक देखिएको छ । अतः लेखापरीक्षकहरुले लेखापरीक्षणको क्रममा यस्तो जरिवाना रकम कम्पनीले व्यहोरेको पाएमा प्रचलित कानुन तथा नेपाल लेखापरीक्षणमान बमोजिम यथोचित सम्वोधन गर्न आवश्यक भएको व्यहोरा प्रति त्यस संस्थाबाट अनुमति प्राप्त सम्पूर्ण लेखापरीक्षकहरुलाई सजग गराइदिनुहुन अनुरोध गरिएको छ ।

महेश बराल
रजिष्ट्रार

बोधार्थः श्री सूचना प्रविधि शाखा, कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वरः सम्बन्धित सरोकारवालाहरुको जानकारीकोलागि यो पत्र कार्यालयको वेव पेजमा अपलोड गर्नु हुन ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np